नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
तनहुँ

☎०६५- ५५५१२२
५६०१०९
५६२६१३

फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या-: ०७७/७८
चलानी नम्बर-:

मिति: २०७७/०६/०१

विषय: प्रेस विज्ञप्ती

विश्वव्यापी महामरीको रुपमा लिइएको कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०५।२९ को निर्णय समेतका आधारमा तपसिल अनुसार गर्न / गराउन हुन सम्पूर्ण तनहुँ जिल्लाबासी सबैमा अनुरोध गरिन्छ । सो अनुसार भए गरे / गराएको नपाईएमा संक्रमक रोग ऐन,२०२० को दफा ३, स्थानीय प्रशासन ऐन,२०२८ को दफा ६ को उपदफा ३ र अन्य प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

(क) छोटो, मध्यम र लामो दुरीमा २०७७ असोज १ गते देखि जिल्ला भित्र तथा अन्तर जिल्लामा संचालन हुने निजी तथा सार्वजनिक सवारी साधनको संचालन गर्दा निम्न अनुसार गर्ने गराउने ।

- सिट क्षमताको ५० प्रतिशत यात्रु राख्न पाइने ।
- भौतिक दुरी कायम हुने गरी एक पङतिको सिटमा १ जना मात्र यात्रु राख्ने । सिटमा बाहेक यात्रु राख्न नपाउने ।
- यात्रा गर्ने सबै यात्रुले मास्क लगाउने ।
- यात्रु चढ्ने समयमा सवारी साधनको ढेकामा र सवारी साधन भित्र सेनिटाइजर समेतको व्यवस्था गर्ने ।
- चालक तथा सहचालकले मास्क,भाइजर र पञ्जा लगाउने ।
- सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्ने ।
- यो व्यवस्था लागू रहेंदासम्म सार्वजनिक सवारी साधनहरुले तोकिएको भाडादरमा अधिकतम थप ५० प्रतिशत सम्म भाडा लिन पाउने ।

(ख) मिति :२०७७ असोज १ गते देखि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निर्धारण गरेको स्वास्थ्य मापदण्ड पालना गरी होटल, रेष्टुरेण्ट, ट्रेकिङ तथा टाभल्स व्यवसाय संचालन गर्न पाउने ।

(ग) उपलब्धता र उपयुक्तताको आधारमा दूर शिक्षा लगायतका वैकल्पिक सिकाइका माध्यमबाट शिक्षण तथा सिकाइ कार्यलाई निरन्तरता दिने ।

(घ) सबै कार्यालय, निकाय तथा संघ संस्थाहरुले नियमित रुपमा कार्यालय सञ्चालन गरी सेवा प्रवाह गर्ने । यसरी कार्यालय सञ्चालन गर्दा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने/गराउने ।

(ङ) देहाय बमोजिमका सेवा र कार्यहरु अर्को सूचनाबाट तोकिएको मिति देखि मात्र संचालन गर्ने ।

- शैक्षिक संस्थाहरु(विद्यालय, कजेल,ट्युसन सेन्टर, तालिम केन्द्र),
- शैक्षिक तथा अन्य परीक्षा सञ्चालन,
- सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमीनार,
- सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन,
- सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायत मनोरञ्जन स्थल,
- सैलुन, ब्युटिपार्लर तथा स्पा:,
- स्वीमिङपुल, जिमखाना लगायत हेल्थ क्लब,
- समुहमा खेलिने खेलकुद तथा खेल मैदानमा हुने प्रस्तुती,
- अन्तर्राष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेल,
- सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल,
- पुस्तकालय, संग्रहालय तथा चिडियाखाना ।

(च) माथी उल्लेखित (ङ) बमोजिमका सेवा तथा कार्य बाहेकका उद्योग, कलकारखाना लगायतका सेवा व्यवसाय सञ्चालन गर्दा सञ्चालक, व्यवस्थापक, कर्मचारी, श्रमिक लगायत सबैले स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने / गराउने ।

चित्राङगत बराल
सहायक प्रमुख जिल्ला अधिकारी